**कार्यपालिका बैठक संख्या नं. ६०** **स्थानः नगरपालिका भवन** **मिति २०८२/१०/०८ गते**

**समयः बिहान ८:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना व्यवस्थापन समिति गठन सम्बन्धमा ।
३. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको प्रस्तुती सम्बन्धमा ।
४. सडक वोर्ड नेपालमा योजना माग गर्ने सम्बन्धमा ।
५. नगरपालिकाको नेपाली र अङ्ग्रेजी नाम तथा हिज्जेको एकरुपता कायम गर्ने सम्बन्धमा ।
६. महिला उद्यमशीलता प्रर्वधनको लागि सामाजिक विकास कार्यालयमा सिफारिश सम्बन्धमा ।
७. बाल उद्दार कोष सञ्चालन समिति गठन सम्बन्ध ।
८. लैंगिक हिंसा निवारण कोष सञ्चालन समिति गठन सम्बन्धमा ।
९. स्थानीय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा ।
१०. 'घ' वर्गको ईजाजत पत्र जारी गर्ने सम्बन्धमा ।
११. अर्धवार्षिक समीक्षा सम्बन्धमा ।
१२. अस्थायी क्रसर उद्योगको अनुमति सम्बन्धमा ।
१३. खानेपानी आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन कार्यसूची (ToR) स्वीकृत सम्बन्धमा ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वको बैठकमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को दफा १६ अनुसार तपसिलको परियोजना व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री प्रकाश भण्डारी (नगर प्रमुख ) -अध्यक्ष
२. श्री सुस्मिता सापकोटा सुनार (नगर-उपप्रमुख) - सदस्य
३. श्री ओम प्रकाश देवकोटा (प्रमुख प्रशासकीय अधिकृत) - सदस्य
४. श्री प्रदिप कुमार पाण्डे (पूर्वाधार विकास समिति संयोजक) -सदस्य
५. श्री प्रकाश पुन (आर्थिक विकास समिति संयोजक) - सदस्य
६. श्री मन्जु परियार (कार्यपालिका सदस्य) - सदस्य
७. ई. श्री थरेन्द्र पौडेल (परियोजना प्राविधिक सहायता सल्लाहकार) - सदस्य
८. श्री रविन्द्र कुमार वुढा (प्रमुख, प्रशासन, योजना तथा अनुगमन शाखा) - सदस्य सचिव

**निर्णय नं. ३**

जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाका सम्बन्धमा परियोजना सहायता सल्लाहकारद्वय ई. श्री थरेन्द्र पौडेल र श्री पवल कुमार वलीले बैठकलाई परिचयात्मक प्रस्तुती मार्फत जानकारी गराउनु भयो । त्यसैगरी नगरपालिकाको तर्फबाट परियोजना कार्यान्वयनका लागि यस पालिकालाई छनोट गर्ने परियोजना सुपेरिवेक्षण समिति, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालाय र परियोजना सहयोग एकाई लगायत वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने नेपाल सरकार, प्रदेश सरकार, फिनल्याण्ड सरकार, युरोपियन युनियन र अन्य सम्बद्ध सबै पक्ष प्रति कृतज्ञता ज्ञापन गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नगरपालिकाको विकास र समृद्धिलाई सहयोग पुग्ने गरी आर्थिक वर्ष २०८२/८३ मा सडक बोर्ड नेपालले च. नं. ६७८ मिति २०८२/०९/२८ मा यस नगरपालिकालाई प्रेषण गरेको पत्रमा उल्लेख स्वीकृत बजेटको अधिनमा रही नगरपालिकाको लागत सहभागिता समेत रहने गरी तपसिलको सडक मर्मत तथा निर्माणका लागि सडक वोर्ड नेपालमा अनुरोध गर्ने निर्णय गरियो ।

| सि. नं. | सडकको नाम | ठेगाना | सडक वोर्डबाट विनियोजित रकम | नगरपालिकाको योगदान रकम | कुल लागत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मैसेपानीदेखि नगरपालिका भवनसम्मको सडक स्तरोन्नती सम्बन्धी कार्य | शारदा न. पा. - २ | ३० लाख | १३ लाख | रू. ४३ लाख | |

**कार्यपालिका बैठक नं. ६० मिति २०८२ माघ ०८ गते**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८२/०८३ चलानी नं. ७४ मिति २०८२/०९/२९ गतेको प्राप्त पत्र अनुसार यस नगरपालिकाको नाम नेपाली र अङ्ग्रेजीमा तपसिल बमोजिम भएकोले एकरुपता कायम गरिदिनहुन भनी मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिलः

| विवरण | राजपत्रमा प्रकाशित नाम | सुधार हुनुपर्ने विषय | कायम हुनुपर्ने नेपाली नाम | ENGLISH NAME | Website मा हुनुपर्ने नाम |
|---|---|---|---|---|---|
| स्थानीय तहको नाम | शारदा नगरपालिका सल्यान | Shaarada Municipality | शारदा नगरपालिका | Sharada Municipality | Sharada Municipality |
| Nepal Government Email System भएको | शारदा नगरपालिका सल्यान | info@shaaradamun.gov.np | info@sharadamun.gov.np | Sharada Municipality | Sharada Municipality |
| Website मा भएको | शारदा नगरपालिका सल्यान | www.shaaradamun.gov.np | www.sharadamun.gov.np | Sharada Municipality | Sharada Municipality |
| सुत्रमा भएको | शारदा नगरपालिका | सारदा नगरपालिका | शारदा नगरपालिका | Sharada Municipality | Sharada Municipality |
| अनलाईन नागरिकता सिफारिसमा भएको | शारदा नगरपालिका | Sarada Municipality | Sharada Municipality | Sharada Municipality | Sharada Municipality |
| EGP (बोलपत्र) प्रणालीमा भएको | शारदा नगरपालिका | Sarada Municipality Khalanga, Salyan | Sharada Municipality, Khalanga, Salyan | Sharada Municipality | Sharada Municipality |

**निर्णय नं. ६**

सामाजिक विकास कार्यालय, सल्यानको मिति २०८२ पौष २२ गतेको सूचना अनुसार यस नगरपालिकाको तर्फबाट तपसिलको महिला उद्यमी फर्मलाई छनौट गरी पठाउने निर्णय गरियो ।

| सि. नं. | फर्मको नाम | उद्यमीको नाम | उद्यमको प्रकार | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | देउराली डिजिटल आर्ट एण्ड फ्लेक्स प्रिन्ट | रमिला मैनाली | मुद्रण तथा छपाई | शारदा नगरपालिका-१, सल्यान | |

**निर्णय नं. ७**

शारदा नगरपालिकाको बाल कोष कार्यविधि (स्थापना तथा सञ्चालन), २०८२ को दफा ८(२) बमोजिम तपसिलको बालकोष सञ्चालक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१. नगर उप प्रमुख — अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

**कार्यपालिका बैठक नं. ६० मिति २०८२ माघ ०८ गते**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

३. सामाजिक विकास समिति संयोजक सदस्य

४. आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

५. महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख, सदस्य सचिव

**निर्णय नं. ८**

शारदा नगरपालिकाको लैंगिक हिंसा निवारण कोष) सञ्चालनकार्यविधि (, २०८२ को दफा ७(२) बमोजिम तपसिलको लैंगिक हिंसा निवारण कोष सञ्चालक समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

१. नगर उपप्रमुख अध्यक्ष

२. प्रमुख प्रशासकिय अधिकृत सदस्य

३. अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय सदस्य

४. नगरसभा सदस्य श्री रमा शर्मा (वार्ड नं २) सदस्य

५. नगरसभा सदस्य श्री पंची गाइन (वार्ड नं ३) सदस्य

६. श्री रामचन्द्र रेग्मी, अध्यक्ष, गै. स. स. महासंघ, सल्यान सदस्य

७. महिला बालबालिका तथा समाजकल्याण शाखा प्रमुख सदस्य सचिव

**निर्णय नं. ९**

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ११ बमोजिम तपसिलको स्थानीय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

१. नगर प्रमुख अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत सदस्य

३. सामाजिक विकास समिति संयोजक सदस्य

४. शिक्षा शाखा प्रमुख सदस्य

५. आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

६. प्रतिनिधि, नेपाल बैंक लिमिटेड सदस्य

७. रोजगार संयोजक सदस्य सचिव

**निर्णय नं. १०**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सल्यानमा तपसीलको मितिमा दर्ता भएको निर्माण सम्बन्धी काम गर्ने फर्म प्रचलित कानून बमोजिम लाग्ने राजस्व रकम लिई नयाँ इजाजत प्रमाण पत्र जारी गर्ने निर्णय गरियो।

| सि न | फर्मको नाम | प्रा. फ. दर्ता नम्बर | उद्योग तथा उपभोक्ता हीत संरक्षण कार्यालय बाट जारी मिति | प्रोप्राइटरको नाम थर | कैफि. |
|---|---|---|---|---|---|
| १ | एन. के. कन्सट्रक्सन, शारदा-२, सल्यान | ३७३२-०८२/८३ | २०८२/०९/२९ | श्री नितिशा प्रधान शारदा- ०२, सल्यान | |

**कार्यपालिका बैठक नं. ६० मिति २०८२ माघ ०८ गते**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ११**

यस आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको कार्य प्रगतिको अर्धवार्षिक (२०८२ श्रावणदेखि पौषसम्म) समीक्षा मिति २०८२ माघ १४ र १५ गते नगरपालिकाको सभा हलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

जर्खु खानेपानी आयोजनाको ठेक्का नं NP-DWSSM-480521-CW-RFB 081-82 को Constructions of Water Supply Project Sharada Municipality, Salyan को कार्य गर्न ठेकेदार कम्पनी HANUMAN-Nir J.V., Laltipur-25, Nepal ले आयोजनालाई आवश्यक पर्ने नदीजन्य पदार्थ आपूर्ति गर्न आयोजना स्थलमा क्रसर मेसीन राख्न अनुमति माग भई आएकोले पूर्वाधार विकास समितिलाई स्थलगत अनुगमन गरी प्रचलित कानून बमोजिमको प्रतिवेदन अर्को कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना अन्तर्गत आयोजना कार्यान्वयन इकाई (PIU) शारदा मार्फत Municipal Support Team Sharada ले पेश गरेको प्रस्तावित खैरावाङ्ग सामुदायिक खानेपानी आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study-BES) प्रतिवेदनको अनुसूची १ बमोजिमको कार्यसूची (ToR) शारदा नगरपालिका वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०८० को दफा ६ उपदफा ५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत